नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

सूचना व्यवस्थापन शाखा

सिंहदरवार, काठमाडौं

फोन: ४२११००३, ४२११०७९

प.स. २०७५/०७६

च.नं. ३१८

मितिः-२०७६/०३/१७

**विषयः विवरण पठाइएको सम्बन्धमा ।**

श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)
ज्वागल, ललितपुर ।
श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन)
ववरमहल, काठमाडौं ।

उपर्युक्त सम्बन्धमा श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यूको अध्यक्षतामा मिति २०७६/०३/१६ गते बसेको बैठकको निर्णय जानकारी तथा तहाँसँग सम्बन्धित बुँदाहरु कार्यान्वयनका लागि यसै साथ संलग्न राखी तहाँ प्रेषित गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

०३/१६

(मनोहर घिमिरे)
उपसचिव

**अवगतार्थ तथा बोधार्थः**

१.श्रीमान् प्रमुख कार्यकारी अधिकृतको सचिवालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौं ।
२.श्रीमान् सचिवज्यूको सचिवालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौं ।
३.श्री महाशाखा प्रमुख, जनशक्ति व्यवस्थापन महाशाखा, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवार, काठमाण्डौं ।

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरबार, काठमाडौं, २०७२

**२०७६ असार १६ गतेको बैठकका निर्णयहरुः**

१. प्राविधिक खटिनु पूर्व बनेका घरहरुलाई निजी आवास पुनर्निर्माण अनुदान रकम एकमुष्ट उपलब्ध गराउने सम्बन्धी प्रस्तावित कार्यविधिमा छलफल गरियो। आजको बैठकमा प्राप्त सुझावहरुलाई समावेश गरी उक्त कार्यविधि २०७६ असार १७ गते बस्ने कार्यकारी समितिको बैठकमा निर्णयका लागि पेश गर्ने ।

२. हाल संचालन भईरहेको छुट तथा पुनः जाँच सर्वेक्षणको स्थलगत लगत संकलनको अवधि २०७६ असार १५ सम्म तोकेकोमा धैरै जिल्लाहरुमा अझै पनि कार्य सम्पन्न नभएको भन्ने जानकारी प्राप्त भएको र सर्वेक्षण सञ्चालनको कार्ययोजना पेश गर्न भनिएकोमा कतिपय जिल्लाहरुले हालसम्म पनि कार्ययोजना पेश नगरेकाले सर्वेक्षण सम्पन्न गर्ने कार्ययोजना ३ दिन भित्र प्राधिकरणको सूचना व्यवस्थापन शाखामा अनिवार्य पेश गर्न लगाउने ।यस कार्यमा केन्द्रीय आयोजना कार्यान्वयन इकाईहरुले समन्वय गर्ने र सर्वेक्षणको कार्य सम्पन्न हुन बाँकी जिल्लामा छुट तथा पुनः जाँच सर्वेक्षण कार्यलाई २०७६ असार मसान्त सम्ममा सम्पन्न गर्ने गरी निरन्तरता दिने ।

२०७६।३।१६